PAN No: 300033962
Reg.No: 757/057

# HIMALAYAN DISTILLERY LIMITED

**Contact Office:** Lalitpur-5, Uttar Bagaicha Shanti Kuna, Jawalakhel
Tel : +977 1 5527465, 5522269, 55 22028, 5538239, Email : info@himalayandistillery.com

मिति :२०८२/०६/३०

श्रीमान् प्रमूख ज्यू,
नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार काठमाण्डौं ।

**विषय : कम्पनीको पच्चीसौं वार्षिक साधारण सभा, वोनस शेयर, नगद लाभांस वितरण, शेयरधनी दर्ता किताव वन्द समेतको जानकारी वारे ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८२ असोज ३० गते बिहिवार दिनको ३:०० वजे वसेको संचालक समितिको वैठकको निर्णयानुसार यस कम्पनीको आ.व.२०८१।०८२ अर्थात २५ (पच्चीसौं) वार्षिक साधारण सभा मिति २०८२ साल कार्तिक ३० गते आइतबार (तद्अनुसार १६ नोभेम्बर २०२५) को दिन विहान: १०:०० वजे, जिल्ला पर्सा, विरगन्ज महानगरपालिका वार्ड नं.२१, लिपनिविर्ता स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा गर्ने निर्णय भएको व्यहोरा जानकारी गराईन्छ । कम्पनीको २५ (पच्चीसौं) वार्षिक साधारण सभाको छलफलका विषयहरु यसै पत्र साथ संलग्न गरिइएको छ ।

आ.व.२०८१।०८२ को मुनाफा तथा संचित मुनाफा समेतबाट कम्पनीका शेयरधनीहरुलाई चुक्ता पूजींको २० (बीस) प्रतिशतका दरले हुने रु. ६१,४६,८०,३६२।४५ (अक्षरुपी एकसठ्ठी करोड छयालिस लाख असी हजार तीन सय बैसठ्ठी रुपैंया पैतालिस पैसा मात्र) वरावरको वोनस शेयर र प्रति चुक्ता शेयर रु ५।०० (पांच) ( लाभांश कर सहित) समेतका दरले हुने रु. १५,३६,७०,०९०।६१ (अक्षरुपी पन्ध्र करोड छत्तिस लाख सत्तरी हजार नब्बे रुपैंया एकसठ्ठी पैसा मात्र) नगद लाभांस वितरण गर्ने सिफारिस संचालक समितिवाट निर्णय भएको जानकारीका लागि अनुरोध गर्दछौं ।

साधारण सभा प्रयोजनार्थ मिति २०८२ कार्तिक २० गते (तद्अनुसार ६ नोभेम्बर २०२५) बिहिवारका दिन यस कम्पनीको शेयरधनी दर्ता किताव वन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा दर्ता किताव वन्द हुने दिन भन्दा अगाडि कारोवार भई शेयर खरिद गरी नियमानुसार शेयर नामसारी दाखेल खारेज भई आएका शेयरधनीहरु पच्चीसौं वार्षिक साधारण सभामा भाग लिन, सो सभाबाट निर्णय भए बमोजिमको नगद लाभांस तथा वोनस शेयर पाउन योग्य हुने व्यहोरा समेत जानकारी गराउंदछौं ।

धन्यवाद ।

भवदीय

कम्पनी सचीव

हिमालयन डिस्टलरी लिमिटेड पर्सा
नेपाल

Factory: Birgunj - 21, Lipani Birta, Parsa, Nepal.
Tel: + 977 051 620223 | Website: www.himalayandistillery.com

QUALITY SYSTEM CERTIFICATION DNV·GL ISO 9001
FOOD SAFETY SYSTEM DNV·GL ISO 22000
ENVIRONMENTAL SYSTEM CERTIFICATION DNV·GL ISO 14001
SAFETY SYSTEM CERTIFICATION DNV·GL OHSAS 18001
MANAGEMENT SYSTEM CERTIFICATION DNV·GL GMP

**हिमालयन डिष्टिलरी लिमिटेडको**
**पच्चीसौ वार्षिक साधारण सभा सम्वन्धी सूचना ।**

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।
२. कम्पनीको आ.ब.२०८१/०८२ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।
३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि., हिमालयन फिसरीज लि. र हिमालयन ईन्डेवर अर्गानिक लि. को आ.व. २०८१।०८२ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्ने ।
४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको ५ प्रतिशतले हुने नगद लाभांश रु. १५,३६,७०,०९०।६१ ( अक्षरुपी पन्ध्र करोड छत्तिस लाख सत्तरी हजार नब्बे रुपैया एकसठ्ठी पैसा मात्र) (नगद लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने ।
५. आ.व.२०८२/०८३ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका SAR Associates & Chartered Accountants लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका SAR Associates & Chartered Accountants पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छ ) ।
६. संचालक समितिमा रहनु हुने ५ (पांच) जना संचालकको आगामी ४ (चार) वर्ष अवधिका लागि चयन गर्ने ।
७. कम्पनीका विभिन्न ब्राण्डका मदिराहरुको उत्पादन अन्य कम्पनीबाट समेत गराउन सक्ने गरि Trademark Usage Agreement गर्ने ।
८. संचालक समितिका अध्यक्ष तथा सदस्यहरुको दुर्घटना तथा औषधोपचार विमा गर्ने विषय उपर छलफल गरि स्विकृत गर्ने ।

**ख. विषेश प्रस्तावहरुः**

९. कम्पनीको प्रवन्ध पत्रको दफा ३ (क) मा संसोधन गर्ने ।
१०. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको २० प्रतिशत (कायम १० शेयरमा २ बोनस शेयर जारी गर्न) का दरले हुने रु. ६१,४६,८०,३६२।४५ (अक्षरुपी एकसठ्ठी करोड छयालिस लाख असी हजार तीन सय बैसठ्ठी रुपैंया पैतालिस पैसा मात्र) वरावरको वोनस शेयर जारी गरी वितरण गर्न स्विकृत गर्ने ।
११. कम्पनीको साविकको अधिकृत पूजीं रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरब पचास करोड मात्र) बाट रु. रु.४,००,००,००,०००।०० (अक्षरुपी चार अरब मात्र) कायम गर्न स्विकृत गर्ने ।
१२. साविकको चुक्ता पूंजिं रु.३,०७,३४,०१,८१२।२५ (तीन अरव सात करोड चौतीस लाख एक हजार आठ सय वाह्र पैसा पचीस मात्र) लाई वृद्धि गरी रु. ३,६८,८०,८२,१७४।७० (अक्षरुपी तीन अरव अडसठ्ठी करोड असी लाख बयासी हजार एक सय चौहत्तर रुपैंया सत्तरी पैसा मात्र) कायम गर्न स्विकृत गर्ने ।
१३. साविकमा कायम भएको अधिकृत पूजीं र चुक्ता पूजींमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको दफा ३(क), ५(क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा सोही अनुसार संसोधन गर्न स्विकृत गर्ने ।
१४. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदलको सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।
१५. आ.व.२०८२।०८३ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

**ग. विविध ।**

मिति : २०८२ कार्तिक ३० गते, आईतवार (तदनुसार १६ नोभेम्बर, सन् २०२५)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, विरगन्ज महानगरपालिका वार्ड नं.२१, लिपनिविर्ता, पर्सा ।
समय : विहान ठिक १०:०० (दश) बजे ।

हिमालयन डिष्टलरी लिमिटेड पर्सा
नेपाल